**पर्यावरण मैत्री र नीतिसम्मत् गुँड बाकस**

फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिजले बनाएका सबै गुँड बाकसहरु पर्यावरण मैत्री र हातले बनाइएका हुनाले उच्च गुणस्तरका छन् । संरक्षणविदको रुपमा हामीलाई यी सिद्धान्तहरु ज्यादै महत्वपूर्ण हुन्छन् भन्ने लागेको छ ।

British Trust for Conservation Volunteers (BTCV) र National Trust को लागि एण्डि मिडेलटनले मिलाएको संरक्षण छुट्टीमा उनी स्वयंसेवकहरुलाई गुँड बाकस बनाउने तरिका र प्रभावशाली ढङ्गबाट त्यसलाई कुन ठाँउमा कसरी राख्ने भन्नेबारे जानकारी दिन्छन् ।

**FES का हस्तनिर्मित गुँड बाकसहरु**

बजारमा उपलब्ध हुने धेरैजसो सस्ता गुँड बाकसमा प्रायः बालश्रम वा अन्य अनुचित श्रम अभ्यास भएको पाइन्छ । साथै, कतिपयमा आकर्षणको लागि विखालु लेप लगाइएको पनि पाइएको छ । FES का गुँड बाकसहरु बजारका जस्ता आकर्षक र सफा नदेखिने भएपनि त्योभन्दा कैयौं गुणा बढी वातावरण मैत्री र नीतिसम्मत् रुपमा आकर्षक हुन्छन् ।

FES का सबै नयाँ गुँड बाकसहरु हस्तनिर्मित हुनुका साथैसाथै या त पुनः उपयोग गर्न सकिने काठ या खेर गएका सामानबाट बनाइएका हुन्छन् । शुद्ध काठको प्रयोग धेरै कममात्र हुन्छ ।

विद्युतीय उपकरणको प्रयोग नहुने भएकोले FES का यस्ता बाकसहरु बनाउन धेरै श्रम र समय लाग्छ । यसको बिक्रीबाट प्राप्त सबै रकम FES का विभिन्न संरक्षण गतिविधिको लागि प्रयोग गरिन्छ ।

गुँड बाकसमा बस्ने चराहरु प्रयोग गरिसकेको तर सफा बाकसमा बस्न रुचाउँछन् । त्यसैले FES ले अरुबाट प्राप्त भएका सबै गुँड बाकसको मर्मत गर्छ ।

FES द्बारा निर्मित अरु सामाग्रीहरु जस्तै; चरा आहारस्थल, जनावर बस्ने बाकस र घर पनि पर्यावरण मैत्री हुन्छन् ।

**गुँड बाकसको स्थापना**

गुँड बाकसको स्थापना पनि महत्वपूर्ण कार्य हो । चराको प्रकृतिअनुसार यसको स्थापना गरिन्छ ।

भौगोलिक स्थितिलाई हेरेर यस संस्थाले सःशुल्क गुँड बाकसको स्थापना कहाँ र कसरी गर्ने भन्नेबारेमा सेवा दिन्छ ।

चरा आहारस्थल, गुँड बाकस, जनावर राख्ने बाकस वा घरका साथै स्थापना सेवाको लागि मूल्य विवरण दिइन्छ । कृपया थप जानकारीको लागि हामीहरुलाई सम्पर्क गर्नुहोला ।